*सुन्दरहरैँचा नगरपालिकाद्वारा प्रायोजित एवम् सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभागद्वारा आयोजित*

# रेडियो उद्घोषण तालिम कार्यक्रम २०८१ सम्बन्धी प्रतिवेदन

**(सुकुना बहुमुखी क्याम्पस तथा सुन्दरहरैँचा नगरपालिका समक्ष पेस गरिएको)**


प्रतिवेदक

दीपक गौतम

संयोजक

अतिरिक्त क्रियाकलाप उपसमिति

नेपाली शिक्षण विभाग

सुकुना बहुमुखी क्याम्पस


२०८१

## विषयसूची


| शीर्षक | पेज |
| --- | --- |
| कार्यक्रमको परिचय | ३ |
| तालिमका उद्देश्य | ३ |
| कार्यक्रमको कार्यतालिका | ३ |
| कार्यक्रम सञ्चालन विधि / प्रक्रिया | ४ |
| कार्यक्रमको विवरण र उपलब्धि | ४ |
| निष्कर्ष | ६ |
| सुझाव | ६ |

# रेडियो उद्घोषण तालिम कार्यक्रम २०८१ सम्बन्धी प्रतिवेदन

## कार्यक्रमको परिचय

सुन्दरहरैँचा नगरपालिकाको प्रायोजन तथा सुकुना बहुमुखी क्याम्पस नेपाली भाषाशिक्षण विभागको आयोजनामा सुकुना बहुमुखी क्याम्पसको सभाहलमा **द्विदिवसीय रेडियो उद्घोषण तालिम कार्यक्रम** मिति २०८१ साल वैशाख २७ गते र २८ गते सम्पन्न गरियो । सुकुना बहुमुखी क्याम्पसमा अध्ययनरत विभिन्न सङ्काय र तहका विद्यार्थीहरूलाई अतिरिक्त ज्ञान तथा सिपका रूपमा रेडियो उद्घोषणसम्बन्धी सिपको विकास गर्ने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको थियो ।

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैँचा नगरपालिका, मोरङ स्था. २०४८

## तालिमका उद्देश्य

सुकुना बहुमुखी कामासमा विभिन्न सङ्काय तथा तहमा अध्ययनरत विद्यार्थीहरुलाई सम्बन्धित पाठ्य विषयको अध्ययनअध्यापनका अतिरिक्त उनीहरूमा अभिव्यक्तिसम्बन्धी सिप विकास गरानउन रेडियो उद्घोषण तालिमले एउटा कोसेढुङ्गाको काम गर्न सक्छ भन्ने कुरालाई ध्यानमा राखी सुकुना बहुमुखी क्यामस, नेपाली शिक्षण विभागले विभागको २०८० माघ १५ गतेको निर्णयअनुसार निम्नलिखित उद्देश्य प्राप्तिका निम्ति यस कार्यक्रमको आयोजना गरेको थियो :

१. विद्यार्थीहरूको वाक्कला समताको विकास गर्नु

२. विद्यार्थीहरुको बौद्धिक एवम् सिर्जनात्मक क्षमताको विकास गर्नु

३. विद्यार्थीहरूलाई उद्घोषणसम्बन्धी सैद्धान्तिक ज्ञान दिनु

४. विभिन्न विधामा रेडियो उद्घोषण एवम् कार्यक्रम सञ्चालनसम्बन्धी प्रायोगिक क्षमताको विकास गर्नु

५. स्थानीय एफ एम रेडियोसँग समन्वय गरी प्रशिक्षित विद्यार्थीहरूलाई रेडियो कार्यक्रम सञ्चालन तथा उत्पादन गर्ने सुअवसर प्रदान गर्नु

## कार्यक्रमको कार्यतालिका

सुकुना बहुमुखी क्याम्पसमा आयोजित रेडियो उद्घोषण तालिमसम्बन्धी कार्यक्रम निम्नअनुसारको कार्यतालिकाअनुसार सम्पन्न भएको :

**२०८१ वैशाख २७ गते**

बिहान ६:३० बजे कार्यक्रमको शुभारम्भ

बिहान ६:३० देखि ७:३० बजेसम्म उद्घाटन सत्र सम्पन्न

बिहान ७:३० बजेदेखि १०:३० बजेसम्म प्रशिक्षण सत्र (सैद्धान्तिक)

**२०८१ वैशाख २८ गते**

बिहान ६:३० बजेदेखि १० बजेसम्म प्रशिक्षण (प्रायोगिक/आभ्यासिक)

१०:०० बजेदेखि १०:३० बजेसम्म समापन सत्र (प्रमाणपत्र वितरण एवम् मन्तव्य र कार्यक्रमको समापन)

**कार्यक्रम सञ्चालन विधि / प्रक्रिया**

यस द्विदिवसीय उद्घोषण तालिम तीनओटा सत्रमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम निर्देशनात्मक, प्रदर्शनात्मक, व्याख्यान तथा प्रयोगात्मक विधिको प्रयोग गरी प्रशिक्षक रेडियो सञ्चारकर्मी तथ प्राध्यापक हेम भण्डारीले सञ्चालन गर्नुभएको थियो ।

**कार्यक्रमको विवरण र उपलब्धि**

सुकुना बहुमुखी क्याम्पस नेपाली विभागको आयोजना तथा सुन्दरहरैँचा नगरपालिकाको प्रायोजनमा सञ्चालित द्विदिवसीय रेडियो उद्घोषण तालिमको पहिलो दिनको कार्यक्रम उद्घाटन सत्रबाट सुरु भएको थियो । यस कार्यक्रममा कान्तिपुर रेडियोका कार्यक्रम प्रस्तोता एवम् तथा पाटन क्याम्पसका प्राध्यापक हेम भण्डारी प्रशिक्षकका रूपमा आमन्त्रित रहनुभएको थियो । उद्घाटन सत्रको सभाध्यक्षता सुकुना बहुमुखी क्याम्पस नेपाली शिक्षण विभागका विभागीय प्रमुख श्री गेहेन्द्र खनालबाट गरिएको थियो भने कार्यक्रममा प्रमुख अतिथि सुन्दरहरैँचा नगरपालिकाका मेयर केदारप्रसाद गुरागाई रहनुभएको थियो । सुकुना बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशव अधिकारी, क्याम्पस प्रमुख अर्जुनराज अधिकारी, सहायक क्याम्पस प्रमुख द्वय बलराम पोखरेल र गणेशप्रसाद दहाल, प्रशासकीय अधिकृत नवराज कोइराला, प्रशिक्षक हेम भण्डारी तथा प्राध्यापकहरू अतिथिका रूपमा रहनुभएको उद्घाटन सत्र कार्यक्रममा विद्यार्थी प्रशिक्षकहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

विभिन्न सङ्काय र तहका अध्ययनरत १२३ जना विद्यार्थीहरुको सहभागितामा सञ्चालन गरिएको सो कार्यक्रमको प्रमुख अतिथिबाट पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गरिएको थियो । उक्त कार्यक्रमको महत्त्व र

औचित्यमाथि प्रकाश पार्दै नेपाली शिक्षण विभाग, अतिरिक्त क्रियाकलाप उपसमितिकी सदस्य रेखा सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रमको सञ्चालन उक्त उपसमितिका संयोजक दीपक गौतमबाट गरिएको थियो। सुकुना बहुमुखी क्याम्पसका सञ्चालक समितिका अध्यक्ष केशव अधिकारी तथा कार्यक्रमका प्रमुख अतिथिबाट शुभकामना मन्तव्य राखिएको उक्त उद्घाटन सत्र कार्यक्रमका सभाध्यक्ष गेहेन्द्र खनालको मन्तव्यसहित बिहान ८.३० ले सम्पन्न भएको थियो। उद्घाटन सत्रपछि बिहान १०:३० सम्म प्रशिक्षण सत्र सम्पन्न भएको थियो। उक्त प्रशिक्षण सत्रमा प्रशिक्षक हेम भण्डारीबाट तालिममा सहभागी विद्यार्थीहरूलाई रेडियो उद्घोषणसम्बन्धी सैद्धान्तिक पक्षहरूका  बारेमा जानकारी गराउँदै सामान्य प्रयोगात्मक अभ्यासको प्रदर्शन गरेर दोस्रो दिनका लागि प्रशिक्षार्थीहरूलाई आवश्यक गृहकार्य दिई कार्यक्रम समापन गरिएको थियो।

वैशाख २८ गते दोस्रो दिनको कार्यक्रम बिहान ठिक सात बजे प्रशिक्षक हेम भण्डारीको प्रशिक्षणबाट सुरु भएको थियो। उक्त तालिममा विद्यार्थीहरूले तयार गरेर ल्याएका विभिन्न विधा र प्रकृतिका रेडियोसम्बन्धी सामग्रीलाई प्रायोगिक रूपमा प्रस्तुत गरी विद्यार्थीहरूलाई थप पृष्ठपोषण प्रदान गरिएको थियो। सहभागी विद्यार्थीहरूले पालैपालो प्रस्तुत गरेका रेडियो उद्घोषण सम्बन्धी प्रस्तुतिका बारेमा एक जना विद्यार्थी र एकजना प्राध्यापक तथा प्रशिक्षक स्वयम्बाट टिप्पणीसहित पृष्ठपोषणका लागि आवश्य सुझाउ पनि दिइएको थियो। यसमा समाचार वाचन, फोन कुराकानी, साहित्यिक प्रस्तुति, अन्तर्वार्ता, गीतसङ्गीत तथा मनोरञ्जनसम्बन्धी कार्यक्रमहरू सहभागी विद्यार्थीहरूबाट प्रस्तुत गरिएका थिए।

जम्मा सहभागी मध्ये १८ जना विद्यार्थीहरूले प्रस्तुत गरेका रेडियो कार्यक्रमसम्बन्धी प्रस्तुतिको प्रत्यक्ष अवलोकन गरी छनोट समितिमा रहनुभएका गेहेन्द्र खनाल, दीपक गौतम, सोमा बस्नेत, बालकृष्ण गौतम, रेखा सुवेदी र प्रशिक्षक हेम भण्डारीबाट १० जना उत्कृष्ट विद्यार्थीहरूलाई उत्कृष्ट प्रस्तोताका रूपमा चयन गरी स्थानीय रेडियो सुसेली एफएममा कार्यक्रम सञ्चालनका लागि सिफारिसका साथ प्रशिक्षण सत्रको अन्त्य गरिएको थियो। प्रशिक्षण सत्रको अन्यपछि लगत्तै समापन सत्रको सञ्चालन नेपाली शिक्षण विभागका विभागीय प्रमुखले गर्नुभएको थियो उक्त सत्रमा सहभागी सबै विद्यार्थीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो। उक्त सत्रमा रेडियो सुसेलीका प्रबन्धनिर्देशक बाबुराम निरौला, सुकुना बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख अर्जुनराज अधिकारी तथा सुकुना बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशव अधिकारीले  मन्तव्य राख्नुभएको थियो।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

**निष्कर्ष**

सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभागद्वारा आयोजित द्विदिवसीय रेडियो उद्घोषण तालिम कार्यक्रममा विद्यार्थीहरूको उल्लेख्य सहभागिता पाइयो । यस कार्यक्रमले सहभागी विद्यार्थीहरूमा वाक्कला, बौद्धिक एवम् सिर्जनात्मक क्षमताको विकासका साथै रेडियो उद्घोषण तथा कार्यक्रम सञ्चालनसम्बन्धी सैद्धान्तिक तथा प्रायोगिक क्षमताको विकासमा योगदान पुर्‍याएको पाइयो । केही विद्यार्थीहरू त तत्काल रेडियो कार्यक्रम सञ्चालन गर्न सक्ने प्रकृतिका समेत पाइए । स्थानीय रेडियोसँग प्रतिभालाई जोड्नका लागि पनि यो कार्यक्रम प्रभावकारी बन्यो ।

**सुझाव**

आगामी दिनहरूमा यस्तो कार्यक्रमको आयोजना गर्दा सहभागीहरुलाई खाजानास्ताको प्रबन्ध गर्नुपर्ने देखियो । रेडियो उद्घोषण तालिममा सहभागी भएर छनोटमा परेका विद्यार्थीहरूलाई क्याम्पसले विभिन्न क्षेत्रका रेडियो कार्यक्रमसँग जोड्न समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने देखियो । साथै यस प्रकृतिका अन्य कार्यक्रमहरू निरन्तर रूपमा आयोजना भइरहनुपर्ने आवश्यकतालाई पनि यस कार्यक्रमले जोड दिएको पाइयो । यस कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण सामग्रीहरूलाई परिशिष्ट खण्डमा राखिएको छ ।

सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा नगरपालिका, मोरङ
स्था. २०४८

**प्रतिवेदक**

दीपक गौतम

संयोजक

अतिरिक्त क्रियाकलाप उपसमिति

नेपाली शिक्षण विभाग

सुकुना बहुमुखी क्याम्पस

मिति २०८१/०१/२९ गते